जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १३१ पृष्ठः ४ | २०८३ भदौ २८ आइतबार (Sunday 13 Sept. 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## नरहा गाउँपालिकामा बजेट आएको चार वर्ष वित्यो, अझै बनेन विद्यालय भवन



**आशिष विश्वकर्मा**

सिरहा, २६ भदौ। सिरहाको नरहा गाउँपालिकामा राष्ट्पती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत करिव ४ वर्ष अघि रकम प्राप्त भएपनि अझै भवन निर्माण प्रकृया अगाडी बढ्न सकेको छैन। पालिका अध्यक्ष र विद्यालयविच भवन कसले निर्माण गर्ने भन्ने विषय नमिल्दा निर्माण प्रकृया अघि बढ्न नसकेको हो।

नरहा गाउँपालिका ३ स्थित जनता आधारभुत विद्यालय बत्राहीलाई चार कोठे भवन निर्माणको लागि ४५ लाख रुपैयाँ विद्यालयको बैंक खातामा पठाइएको ४ वर्ष वितिसक्यो। सँगै नरहा गाउँपालिका ४ स्थित आधारभुत विद्यालय ललभितिया, दिनाभद्री आधारभुत विद्यालय वर्छ्वा र नरहा गाउँपालिका ५ स्थित जनता आधारभुत विद्यालय जगदिशपुर कालाबञ्जरलाई २/२ कोठे भवन निर्माणको लागि २२ लाख ५० हजारका दरले विद्यालय खातामा रकम जम्मा भएको छ तर, अझै निर्माण प्रकृया नै अगाडी बढेको छैन।

भवन अभावका कारण कतिपय विद्यालयमा सानो कोठामा विद्यार्थी कोचेर राख्नु परेको छ कुनै विद्यालयमा दुई फरक कक्षाका विद्यार्थी एउटै कोठामा राखेर पढाउनु परेको छ । विद्यालय र गाउँपलिका अध्यक्षको स्वार्थ बाझिदा विद्यालय भवन निर्माण हुन सकेको छैन।

राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको उक्त रकम आर्थिक वर्ष २०७९/८० मै विद्यालयको खातामा जम्मा गरेर रोक्का राखेको छ। अहिले सो कार्यक्रमको नामसमेत परिवर्तन भएर राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम' भईसक्यो। तर गाउँपलिकाले आजसम्म कार्यक्रम सञ्चालन गर्न सकेको छैन।

गाउँपालिका अध्यक्ष रामप्रामोद यादवकै कारण भवन निर्माण प्रकृया अगाडी नबढेको विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरु बताउँछन्। आर्थिक वर्षको अन्त्यमा रकम विद्यालको खातामा जम्मा भयो,' नरहा गाउँपालिका ३ स्थित जनता आधारभुत विद्यालय बत्राहीका प्रधानाध्यापक रामकुमार यादवले भने, त्यो वर्ष काम गर्ने समय नै रहेन, दोस्रो वर्षबाट हामीले पटक–पटक निर्माण प्रकृयाका लागि डिजान, स्टिमेट र कार्यदेश माग्यौं, आजसम्म पाइएको छैन।'

–बाँकी तीन पेजमा

## असोज १ देखि उत्खनन अनुमति, गागने खोलामा अहिले नै दोहन



**सुरेश राय**

सिरहा, २७ भदौ। सिरहाको गोलबजार नगरपालिकास्थित गागने खोलाबाट नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का लागिसकेको छ। १ करोड ४१ लाख २५ हजार ५ सय रुपैयाँमा तिरुपति कन्स्ट्रक्सनले ठेक्का पाएको छ।

यो कम्पनीले उत्खनन् गर्न पाउने समय भनेको आगामी असोज १ गतेदेखि मात्रै हो। तर केही दिनअघि नै यहाँ उत्खनन गरियो।

यता नगरपालिकाका प्रमुख श्याम श्रेष्ठले पनि यसबारे आफूले बुझ्न भनेको बताए। असोज १ गतेदेखिको अनुमति लिएर अहिले नै उत्खनन गर्न त पाइँदैन,' उनले भने, हामीले नगरप्रहरी पठाएका थियौं नदीमा हेर्नलाई तर गाडीहरू भेटिएन। यो कम्पनीले यहाँ एउटा

–बाँकी अन्तिम पेजमा

## अहिलेको सरकार जनविरोधी गतिविधीमा उत्रियो : नेता साह

सिरहा, २७ भदौ। नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा मधेश प्रदेशका सह इन्चार्ज तथा पूर्व मन्त्री विश्वनाथ साहले अहिलेको सरकार अर्कैको इशारामा चलेको वताएको छ। सिरहाको धनगढीमाई नगरपालिकाको नगर एकता बैठक तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै नेता साहले तिब्बतका धर्म गुरु दलाई लामाको जन्मोत्सव मनाउनु, जेनजी शहीद स्मृतिको दिवसमा ठगी मुद्दामा



जेल सजाय भोगिसकेका धर्म गुरुहरु विजय भण्डारी, श्रीनिवास आचार्यलाई गृह मन्त्री सुदन

–बाँकी अन्तिम पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## विपद्मा एकताको परीक्षा

नेपाल फेरि एकपटक गम्भीर विपद्को सामना गरिरहेको छ । रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढी तथा पहिरोले पुऱ्याएको जनधनको क्षतिले सिंगो राष्ट्रलाई शोकमा डुबाएको छ । यस्तो राष्ट्रिय संकटको घडीमा राजनीतिक आग्रह–पूर्वाग्रहभन्दा माथि उठेर राज्य, राजनीतिक दल, नागरिक समाज र आम नागरिक एकजुट हुनु अपरिहार्य छ । विपद् कुनै भूगोल, जात, वर्ग वा राजनीतिक दल हेरेर आउने होइन । त्यसैले यसको सामना पनि साझा राष्ट्रिय शक्तिबाटै गर्नुपर्छ ।

सिरहाको मिर्चैयामा पूर्वप्रधानमन्त्री तथा नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले विपद्को यो घडीमा सम्पूर्ण देशवासीको साथ र सहयोग आवश्यक रहेको बताउनुले वर्तमान अवस्थाको गम्भीरता उजागर गर्छ । भोटेकोशी बाढीबाट सिर्जित संकट केवल रसुवा वा हिमाली क्षेत्रको समस्या होइन, यो समग्र नेपालको समस्या हो । एउटा भूगोलमा आएको विपद्को पीडा अर्को भूगोलले पनि आफ्नो पीडा ठान्न सक्नुपर्छ। यही भावनाले मात्रै विपद्पछिको पुनर्निर्माण र पुनःस्थापनालाई प्रभावकारी बनाउन सक्छ ।

नेपालको सामाजिक चरित्रमा पहाडले तराईलाई र तराईले पहाडलाई संकटका बेला सहयोग गर्ने परम्परा रहँदै आएको छ । बाढी, पहिरो, भूकम्प वा अन्य प्राकृतिक विपद्का समयमा नेपाली समाजले पटक–पटक आफ्नो मानवीयता प्रदर्शन गरेको छ । भोटेकोशी विपद्का बेला मधेशबाट भइरहेको सहयोग पनि त्यही राष्ट्रिय एकताको उदाहरण हो । मधेशवासीको सहयोगप्रति धन्यवाद व्यक्त गर्नु सकारात्मक पक्ष हो, तर अब यस्तो सहयोगलाई भावनात्मक अपिलमा मात्र सीमित नराखी व्यवस्थित राष्ट्रिय अभियानमा रूपान्तरण गर्नुपर्छ ।

विपद् व्यवस्थापनमा तत्काल राहत महत्वपूर्ण हुन्छ, तर दीर्घकालीन जोखिम न्यूनीकरण अझ महत्वपूर्ण विषय हो । बाढी आएपछि राहत बाँड्ने र पहिरो गएपछि उद्धार गर्ने परम्परागत शैलीबाट मात्रै नेपालले प्राकृतिक विपद्को सामना गर्न सक्दैन। हिमाली क्षेत्रमा बढ्दो जलवायु परिवर्तन, हिमतालको जोखिम, अनियन्त्रित पूर्वाधार निर्माण, कमजोर सडक संरचना र वातावरणीय असन्तुलनबारे राज्यले गम्भीर अध्ययन र दीर्घकालीन योजना बनाउनुपर्छ ।

भोटेकोशीको विनाशले हिमाली क्षेत्रको सुरक्षा केवल स्थानीय विषय नभएको स्पष्ट पारेको छ । हिमाल नेपालको प्राकृतिक सम्पदा मात्र होइन, दक्षिण एसियाको वातावरणीय सन्तुलनसँग जोडिएको संवेदनशील क्षेत्र हो । हिमाली क्षेत्रमा हुने तीव्र परिवर्तनले नदी प्रणाली, कृषि, खानेपानी, जैविक विविधता र मानव बस्तीमा प्रत्यक्ष असर पार्न सक्छ। त्यसैले हिमाली क्षेत्रको संरक्षण र त्यहाँ बसोबास गर्ने नागरिकको सुरक्षाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा थप प्रभावकारी पहल आवश्यक छ ।

यस घटनाले अर्को महत्वपूर्ण प्रश्न पनि उठाएको छ विपद्पछि राज्यको तयारी कति बलियो छ? पूर्वसूचना प्रणाली, उद्धार संयन्त्र, सुरक्षित बस्ती विकास, जोखिमयुक्त क्षेत्रमा निर्माण नियन्त्रण, आपत्कालीन सञ्चार र राहत वितरण प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । विपद् भएपछि मात्रै सक्रिय हुने होइन, विपद् आउनुअघि नै सम्भावित जोखिम पहिचान गरेर तयारी गर्ने संस्कार राज्यमा विकास हुनुपर्छ ।

मिर्चैयाको मोहन नमुना माध्यमिक विद्यालयमा आयोजित विज्ञान तथा प्रविधि प्रदर्शनीले पनि विपद् व्यवस्थापनमा प्रविधिको महत्व सम्झाएको छ । विद्यालयका विद्यार्थीले विज्ञान र प्रविधिमार्फत देखाएको सिर्जनशीलता भविष्यको नेपाल निर्माणका लागि आशाको संकेत हो । प्राकृतिक विपद् न्यूनीकरण, पूर्वसूचना, उद्धार र सुरक्षित पूर्वाधार निर्माणमा यस्ता सिर्जनशील युवा पुस्ताको ज्ञान र क्षमतालाई राज्यले प्रोत्साहित गर्नुपर्छ ।

प्रचण्डले सिरहाली जनतासँग आफ्नो भावनात्मक सम्बन्ध र यस क्षेत्रको विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । तर यस्ता प्रतिबद्धता केवल राजनीतिक भाषणमा सीमित हुनु हुँदैन । विद्यालय, शिक्षा, स्वास्थ्य, सडक तथा अन्य सार्वजनिक पूर्वाधारको विकासमा देखिने गरी परिणाममुखी काम आवश्यक छ । जनताले नेताको आश्वासनभन्दा कामको परिणाम खोजिरहेका छन् ।

आजको आवश्यकता दोषारोपण होइन, सहकार्य हो । हिमालमा विपद् पर्दा मधेशले हात बढाओस्, मधेशमा विपद् पर्दा पहाड र हिमालले साथ दिऊन् । यही साझा भावनाले नेपालको राष्ट्रिय एकतालाई बलियो बनाउनेछ। भोटेकोशीको विपद्ले दिएको सबैभन्दा ठूलो पाठ यही हो—प्राकृतिक विपद् भूगोलको सीमाभित्र बन्द हुँदैन, त्यसैले यसको पीडा र जिम्मेवारी पनि कुनै एक क्षेत्रको हुन सक्दैन ।

# जलवायु न्याय र नेपालः विपत्तिको मूल्य कसले चुकाउने?

**विजय खड्का**

जलवायु परिवर्तन आज मानव सभ्यतासामु उभिएको सबैभन्दा गम्भीर विश्वव्यापी चुनौती हो। यसको असर संसारभर देखिन थालेको छ। विश्वव्यापी रूपमा तापक्रम बढिरहेको छ, हिमनदीहरू पग्लिरहेका छन् भने हिमताल विस्फोट, बाढी, पहिरो, खडेरी, वन डढेलो र अन्य चरम मौसमी घटनाहरू बढ्दै गइरहेका छन्।

तर, जलवायु परिवर्तनको प्रभाव र यसको जिम्मेवारी सबै देशमा समान छैन। औद्योगिक क्रान्तिपछि विकसित राष्ट्रहरूले ठूलो मात्रामा जीवाश्म इन्धनको प्रयोग गरे। आर्थिक विकास र औद्योगिकीकरणसँगै उनीहरूको हरितगृह ग्यास उत्सर्जन पनि अत्यधिक भयो।

नेपालजस्ता विकासशील र जलवायु जोखिममा रहेका मुलुकहरूको अवस्था भने नितान्त फरक छ। यस्ता मुलुकको उत्सर्जन निकै न्यून छ, तर जलवायु परिवर्तनको मार भने उनीहरूले गम्भीर रूपमा भोगिरहेका छन्। कम प्रदूषण गर्ने देशहरू नै बढी पीडित बन्नु आजको ठूलो विडम्बना हो। यही असमानतालाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय जलवायु व्यवस्थाले साझा तर फरक जिम्मेवारी' को सिद्धान्त अघि सारेको छ। जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (यूएनएफसीसीसी) को धारा ३.१ ले जलवायु प्रणालीको संरक्षण समानताको आधारमा तथा देशहरूको साझा तर फरक जिम्मेवारी र क्षमताअनुसार हुनुपर्ने व्यवस्था गरेको छ।

यस सिद्धान्तले विकसित राष्ट्रहरूको जिम्मेवारी अझ बढी रहेको स्पष्ट गर्छ। जलवायु परिवर्तनको वर्तमान सङ्कट सिर्जना गर्न उनीहरूको ऐतिहासिक योगदान ठूलो छ। त्यसैले, जलवायु परिवर्तन र त्यसका प्रतिकूल प्रभावविरुद्धको विश्वव्यापी प्रयासमा विकसित राष्ट्रहरूले नै नेतृत्व लिनुपर्ने आवश्यकता छ।

**के हो साझा तर फरक जिम्मेवारी' ?**

जलवायु परिवर्तन रोक्नु सबै देशको साझा जिम्मेवारी हो। तर, सबै देशको जिम्मेवारी समान हुँदैन। यही मान्यतालाई साझा तर फरक जिम्मेवारी' को सिद्धान्त भनिन्छ। जिम्मेवारी निर्धारण गर्दा देशको ऐतिहासिक उत्सर्जन, वर्तमान उत्सर्जन, आर्थिक क्षमता, प्रविधिको पहुँच, विकासको अवस्था र जलवायु जोखिमलाई विचार गरिन्छ। धेरै प्रदूषण गर्ने र बढी क्षमता भएका देशको जिम्मेवारी पनि बढी हुन्छ। कम उत्सर्जन गर्ने र सीमित क्षमता भएका देशमाथि समान भार लगाउनु न्यायोचित हुँदैन।

जलवायु परिवर्तन विश्वव्यापी समस्या हो। कुनै एउटा देशले मात्र यसको समाधान गर्न सक्दैन। विकसित र विकासशील सबै देशले उत्सर्जन घटाउन, वातावरण संरक्षण गर्न, अनुकूलन क्षमता बढाउन र अन्तर्राष्ट्रिय सहकार्य गर्नुपर्छ। तर, जिम्मेवारीको भार समान हुनु हुँदैन। औद्योगिक क्रान्तिपछि विकसित देशहरूले लामो समयसम्म कोइला, पेट्रोलियम र ग्यासमा आधारित औद्योगिकीकरणलाई अघि बढाए। यसबाट वायुमण्डलमा ठूलो मात्रामा हरितगृह ग्यास उत्सर्जन भयो। त्यसैले, आजको जलवायु संकटको ऐतिहासिक जिम्मेवारी पनि उनीहरूसँगै जोडिएको छ।

यसैकारण, विकसित देशहरूले जलवायु परिवर्तन नियन्त्रणमा नेतृत्व लिनुपर्छ। संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (यूएनएफसीसीसी) ले पनि यही मान्यता राखेको छ। यो सिद्धान्त विगतको उत्सर्जनमा मात्र आधारित छैन, देशको वर्तमान क्षमता पनि उत्तिकै महत्वपूर्ण छ। धनी र प्रविधिमा अगाडि रहेका मुलुकसँग जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन र विपत्तिपछिको पुनर्निर्माणमा बढी सहयोग गर्ने क्षमता हुन्छ। त्यसैले, उनीहरूले आर्थिक र प्राविधिक रूपमा बढी योगदान गर्नुपर्छ।

नेपालजस्ता विकासशील देशको अवस्था फरक छ। यहाँ गरिबी निवारण, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार र आर्थिक विकास अझै प्रमुख आवश्यकता हुन्। त्यसैले, विकासशील देशलाई विकसित देशसरह उत्सर्जन कटौतीको भार लगाउनु न्यायसङ्गत हुँदैन। यूएनएफसीसीसीले विकासशील देशका विशेष आवश्यकता र परिस्थितिलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ। पेरिस सम्झौता' ले पनि सबै देशलाई जलवायु कार्यमा सहभागी गराएको छ, तर उनीहरूले आफ्नो राष्ट्रिय परिस्थिति र क्षमताअनुसार काम गर्नुपर्ने मान्यता राखेको छ।

यस सिद्धान्तको अर्को महत्वपूर्ण पक्ष जलवायु न्याय' हो। विकसित देशहरूले विकासशील र कम विकसित देशलाई जलवायु वित्त उपलब्ध गराउनुपर्छ, आवश्यक प्रविधि हस्तान्तरण गर्नुपर्छ र क्षमता विकासमा सहयोग गर्नुपर्छ। पेरिस सम्झौता' ले पनि विकसित देशहरूले जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि विकासशील देशलाई वित्तीय सहयोग उपलब्ध गराउन नेतृत्व गर्नुपर्ने मान्यता राखेको छ।

**नेपालका लागि किन महत्त्वपूर्ण ?**

नेपाल विश्वको हरितगृह ग्यास उत्सर्जनमा अत्यन्त न्यून योगदान गर्ने देशमध्ये पर्छ। तर, उत्तरतिरको हिमाली भौगोलिक अवस्थाका कारण नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा छ। हिमनदी पग्लिने, हिमतालको आकार बढ्ने, हिमताल विस्फोट हुने, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी तथा तापक्रम वृद्धिजस्ता समस्याले नेपालको कृषि, जलविद्युत्, पर्यटन, जैविक विविधता, पूर्वाधार र जनजीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। यसरी हेर्दा जलवायु न्यायको प्रश्न हाम्रा लागि अत्यन्त महत्वपूर्ण छ।

नेपालले आफ्नो जलवायु वित्त परिचालन गर्दा यसमा समानता, साझा जिम्मेवारी, प्रदूषण गराउनेले क्षतिपूर्ति तिर्नुपर्ने' र जलवायु न्यायजस्ता सिद्धान्तलाई आधार मान्ने गरेको छ। साथै, क्षति र नोक्सानीका लागि अनुदानलाई प्राथमिकता दिने नीति पनि नेपालले अघि सारेको छ।

**क्षति तथा नोक्सानी**

उत्सर्जन न्यूनीकरण, अनुकूलन र क्षति तथा नोक्सानीलाई जलवायु परिवर्तनको प्रभावका रूपमा बुझिन्छ। कुनै समुदायले जलवायु परिवर्तनसँग अनुकूलन गरेर पनि रोक्न नसक्ने क्षति व्यहोर्नुपरेमा त्यसलाई क्षति तथा नोक्सानी' को अवधारणाले समेट्छ।

उदाहरणका लागि, बेमौसमा टन्टलापुर घाम लागेको समयमा हिमताल फुटेर तीव्र गतिमा बाढी आउनु र त्यसले हजारौं पक्की घर, सडक, ठूला पुल र दर्जनौं जलविद्युत् आयोजना बगाउनु, जलवायु परिवर्तनका कारण बाढी–पहिरोमा परी हजारौं मानिसले ज्यान गुमाउनु वा बेपत्ता हुनु तथा भौतिक संरचना ध्वस्त हुनु आदि यसअन्तर्गत पर्छन्।

यस अवधारणाको महत्त्वपूर्ण विकास कोप–२७' मा भयो, जहाँ विकासशील तथा जलवायु जोखिममा रहेका देशहरूका लागि क्षति तथा नोक्सानीसम्बन्धी नयाँ वित्तीय व्यवस्था र कोष स्थापना गर्ने ऐतिहासिक निर्णय भयो। विश्व बैंकका अनुसार, यो कोष विशेषगरी जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट अत्यधिक जोखिममा रहेका विकासशील देशहरूलाई आर्थिक तथा गैरआर्थिक क्षति सम्बोधन गर्न सहयोग गर्ने उद्देश्यले स्थापित गरिएको हो। यसले चरम मौसमी घटना मात्र होइन, समुद्री सतह वृद्धि, विस्थापन, पुनर्स्थापना, बसाइँसराइ र जलवायु–लचिलो पुनर्निर्माणजस्ता विषयहरू पनि समेटेको छ।

**के नेपालले क्षतिपूर्ति पाउँछ ?**

नेपालमा गत भदौ १० गते तिब्बतबाट बग्ने ल्हेन्दे नदीमा आएको विनाशकारी बाढीले उत्तरी नेपालको भोटेकोशी क्षेत्रलाई गम्भीर रूपमा प्रभावित बनायो। टिमुरे, स्याफ्रुबेंसी, त्रिशूली, देवीघाट, धादिङलगायतका क्षेत्रमा ठूलो जनधनको क्षति भयो।

हजारौं मानिसले ज्यान गुमाएका विवरण सार्वजनिक भएका छन् भने धेरै मानिस अझै बेपत्ता छन्। भौतिक संरचना ध्वस्त भएका छन्। खर्बौं रुपैयाँको क्षति भएको अनुमान गरिएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विदेशी विज्ञसहितका टोलीले खोज तथा उद्धार कार्य जारी राखेका छन्।

नेपालले यस्ता घटनालाई प्राकृतिक प्रकोप' का रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। यसलाई जलवायु जोखिम, हिमाली क्षेत्रको संवेदनशीलता र अन्तर्राष्ट्रिय जलवायु न्यायको दृष्टिकोणबाट पनि बुझ्नुपर्छ। हामीलाई राहत होइन, जलवायु न्याय चाहिन्छ। तर, कुनै पनि विपत्ति जलवायु परिवर्तनकै प्रत्यक्ष परिणाम हो भनेर दाबी गर्न वैज्ञानिक र वस्तुनिष्ठ प्रमाण आवश्यक हुन्छ। त्यसैले अन्तर्राष्ट्रिय समुदायसँग सहयोग माग्दा नेपालले क्षतिको वास्तविक विवरण प्रस्तुत गर्नुपर्छ र जलवायु जोखिमको वैज्ञानिक अध्ययन गर्नुपर्छ।

नेपालको न्यून उत्सर्जन र ऐतिहासिक योगदानलाई पनि स्पष्ट रूपमा देखाउन सक्नुपर्छ। पुनर्निर्माणका लागि कति स्रोत आवश्यक छ भन्ने यथार्थ विवरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ। क्षतिपूर्तिको विषय अझ जटिल छ। नेपालले जलवायुजन्य क्षति र नोक्सानीका आधारमा अन्तर्राष्ट्रिय सहयोग माग्न सक्छ। तर, कुनै विपत्ति भएपछि स्वतः वा कानुनी रूपमा निश्चित रकम क्षतिपूर्ति पाउने व्यवस्था छैन।

धेरै विकासशील देशले जलवायुजन्य क्षति र नोक्सानीलाई जलवायु न्यायसँग जोडेर हेर्छन्। ठूलो मात्रामा प्रदूषण गर्ने देशहरूले बढी जिम्मेवारी लिनुपर्छ भन्ने उनीहरूको तर्क छ। कोप–२७' र कोप–२८' का निर्णयहरूले जलवायुजन्य क्षति तथा नोक्सानी सम्बोधन गर्न अन्तर्राष्ट्रिय वित्तीय व्यवस्था र कोष स्थापना गर्ने आधार तयार गरेका छन्। यस्ता संयन्त्रको उद्देश्य विशेष रूपमा जोखिममा रहेका विकासशील देशलाई सहयोग उपलब्ध गराउनु हो।

तर, यसको अर्थ प्रत्येक प्राकृतिक विपत्तिपछि कुनै विकसित देशले व्यक्तिगत रूपमा अनिवार्य क्षतिपूर्ति तिर्नैपर्छ भन्ने होइन। नेपालले आफ्नो क्षति प्रमाणित गर्नुपर्छ, वैज्ञानिक आधार प्रस्तुत गर्नुपर्छ र त्यसपछि राष्ट्रिय, संयुक्त राष्ट्रसंघीय तथा अन्य अन्तर्राष्ट्रिय संयन्त्रमार्फत स्रोतका लागि पहल गर्न सक्छ। विपत्ति भयो भन्दैमा निश्चित रकम स्वतः प्राप्त हुँदैन। सहायता प्राप्त गर्ने प्रक्रिया कोषको उपलब्धता, पहुँचका मापदण्ड, प्रमाणीकरण, परियोजना तथा संस्थागत प्रक्रियामा निर्भर हुन्छ।

नेपालजस्तो कम उत्सर्जन गर्ने तर उच्च जोखिममा रहेको देशका लागि यही नै सबैभन्दा ठूलो चुनौती हो। हामीले संकट सिर्जना गरेका छैनौं, तर संकटको ठूलो मूल्य चुकाइरहेका छौं। नेपालको माग सहयोग' का लागि हुनु हुँदैन त्यो वैज्ञानिक प्रमाण, वास्तविक क्षति र जलवायु न्यायको बलियो आधारमा उठ्नुपर्छ।

**नेपालले के गर्नुपर्छ ?**

पहिलो, नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्याय र जलवायुका कारण भएको क्षति तथा नोक्सानीलाई निरन्तर प्राथमिक मुद्दा बनाउनुपर्छ। दोस्रो, विपत्तिबाट भएको क्षतिको वैज्ञानिक र आर्थिक अभिलेख व्यवस्थित राख्नुपर्छ। तेस्रो, यस्तो प्रकारको महाविपत्तिबाट भएको क्षति तथा नोक्सानी व्यवस्थापनका लागि छुट्टै राष्ट्रिय संयन्त्र तथा स्पष्ट परियोजना तयार गर्नुपर्छ। चौथो, नेपालले अनुदानमा आधारित जलवायु वित्तलाई प्राथमिकता दिनुपर्छ। जलवायु विपत्तिबाट प्रभावित गरिब तथा जोखिममा रहेका समुदायलाई सहयोग गर्न फेरि ठूलो ऋण लिनुपर्ने अवस्था सिर्जना हुनु न्यायोचित हुँदैन।

पाँचौं, नेपालले भारत, चीन, भुटान, बङ्गलादेशलगायत हिमाली तथा दक्षिण एसियाली देशहरूसँग क्षेत्रीय सहकार्य बढाउनुपर्छ। हिमनदी, हिमताल, नदी प्रणाली, मौसम सूचना तथा पूर्वसूचना प्रणाली सीमापार विषय भएकाले एक देशको प्रयास मात्र पर्याप्त हुँदैन।

**सारांश**

जलवायु परिवर्तनको समाधान खोज्नु सबैको साझा जिम्मेवारी हो। तर, सबै देशको जिम्मेवारी समान हुँदैन। जसको उत्सर्जन बढी छ, उसको जिम्मेवारी पनि बढी हुन्छ। जसको क्षमता बढी छ, उसले बढी योगदान गर्नुपर्छ। ऐतिहासिक रूपमा

–बाँकी तीन पेजमा

# लक्ष्मीपुर पतारी गाउँपालिका
## नगर कार्यपालिकाको कार्यालय
### महेशपुर पतारी, सिरहा
**मधेश प्रदेश, नेपाल**

## गोप्य शिलबन्दी टेन्डर आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/२६**

उपरोक्त सम्बन्धमा यस लक्ष्मीपुर पतारी गाउँपालिका क्षेत्र भित्र विभिन्न वडा अन्तर्गत रहेका तपसिलका सार्वजनिक ऐलानी जे जुन अवस्था रहेको पोखरीहरुलाई गोप्य शिलबन्दी प्रक्रियाबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा गा.पा.ले तोकिएको न्यूनतम वार्षिक रकम कायम गरि तपसिलका सर्त अनुसार ५ (पाँच) वर्षको लागि ठेक्का लगाउने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले तपसिलका मिति, समय र स्थानमा उपस्थित भई गोप्य शिलबन्दी प्रक्रियाबाट गोप्य शिलबन्दी खाम भरि पेश गर्न हुन सर्वसाधारण समेतलाई जानकारीको लागि यो १५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

**तपसिल शर्तहरु**

१. गोप्य शिलबन्दी प्रक्रियामा भाग लिने ईच्छुक फर्म भए फर्म दर्ता प्रमाणपत्र (नवीकरण भएको), प्यान दर्ता प्रमाण पत्र कर चुक्ता प्रमाणपत्र सहित शिलबन्दी खाम पेश गर्नु पर्नेछ।
२. फौजदारी अभियोगमा कसुरदार ठहरेका व्यक्ति, सरकारी रकम हिनाभिना गरेको/बाँकी राखेका व्यक्ति वा कालो सूचीमा परेका फर्म/व्यक्तिले पेश गरेको शिलबन्दी खाम स्वीकृत हुने छैन।
३. शिलबन्दी खाम पेश गर्ने स्थानमा बाहेक अन्य कुनै स्थानबाट पेश गरेको शिलबन्दी खाम उपर ठेक्का कार्यवाही गरिने छैन।
४. ठेक्का अर्वाध आ.व. २०८३/०८४ भदौ देखि आ.व. २०८७/०८८ भदौ मसान्त सम्म ५ वर्षको हुनेछ।
५. शिलबन्दी खाम पेश गर्ने व्यक्ति वा फर्म नेपाली नागरिक भए पेश गरेको रकमको ५% र गैर नेपाली नागरीक वा फर्म भए १०% रकम वा गा.पा.को धरौटी कोष खाता नं. २६५०२४८३५५३००००३ मा जम्मा गरेको सकल बैंक भौचर शिलबन्दखी खाम भित्र राखि पेश गर्नु पर्ने छ ।
६. ठेक्का साकार भएको ३ दिन भित्र चलन पुर्जि लिनु पर्नेछ म्याद भित्र चलन पुर्जि लिन नआएमा धरौटी रकम जफत हुनेछ र क्रमशः दोस्रो वा तेस्रो प्राथमिकतामा रहेको व्यक्ति वा फर्म सँग सम्झौता गर्न सक्ने छ।
७. चलने पुर्जि जारी गर्दा वार्षिक किस्ताको सम्पूर्ण रकम अग्रिम रुपमा नगदै बुझाई नगदी रसिद लिनु पर्ने छ।
८. ठेक्का अबधि भरीका सम्पूर्ण रकम एकमुष्ट बुझाएमा ठेक्का साकार अंकको १०% छुट उपलब्ध गराईने छ।
९. ठेक्का सम्बन्धि कुनै विवाद भएमा गा.पा. को निर्णय अन्तिम निर्णय हुनेछ।
१०. यसमा उल्लेख भएका शर्तहरु बाहेक अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**तपसिल**

| सि. नं. | पोखरीको नाम | वडा नं. | न्यूनतम अंक पाँच वर्षको लागि (रकम) | गोप्य शिलबन्दी बुझाउने मिति | शिलबन्दी खाम खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|
| **वडा नं. १ अन्तर्गत पर्ने सार्वजनिक ऐलानी पोखरीहरुको नामावली** | | | | | |
| १. | धोवीयाही पोखरी वडा नं. १ | १ | २०३०००।– | २०८३/०५/२६ देखि २०८३/०६/०९ गते दिनको १२:०० बजे सम्म | २०८३/०६/०९ गते शुक्रबार दिनको २:०० बजे गा.पा.को सभाहँल |
| २. | बद्री साहवाला पोखरी वडा नं. १ | १ | ५३०००।– | | |
| ३. | कोरियान पोखरी वडा नं. १ | १ | १०३०००।– | | |
| ४. | लवका पोखरी वडा नं. १ | १ | ३५५०००।– | | |
| ५. | तेलिया पोखरी वडा नं. १ | १ | १५००००।– | | |
| ६. | गढी पोखरी वडा नं. १ | १ | ३५०००।– | | |
| ७. | बैरम वडा नं. १ | १ | ३००००।– | | |
| **वडा नं. २ अन्तर्गत पर्ने सार्वजनिक ऐलानी पोखरीहरुको नामावली** | | | | | |
| सि. नं. | पोखरीको नाम | वडा नं. | न्यूनतम अंक पाँच वर्षको लागि (रकम) | गोप्य शिलबन्दी बुझाउने मिति | शिलबन्दी खाम खोल्ने मिति, समय र स्थान |
| १. | मनरुप कुवर पोखरी वडा नं. २ | २ | २५००००।– | २०८३/०५/२६ देखि २०८३/०६/०९ गते दिनको १२:०० बजे सम्म | २०८३/०६/०९ गते शुक्रबार दिनको २:०० बजे गा.पा.को सभाहँल |
| २. | श्याम पोखरी वडा नं. २ | २ | ५००००।– | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# क्लाइमेट जस्टिसको मुद्दा अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्छ : प्रचण्ड

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २७ भदौ । नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड'ले जलवायु परिवर्तनका कारण नेपालले ठुलो क्षति र जोखिम व्यहोर्नुपरेको भन्दै अन्तर्राष्ट्रिय रूपमा क्लाइमेट जस्टिस' (जलवायु न्याय) को मुद्दा सशक्त रूपमा उठाउनुपर्ने बताउनुभएको छ।

शुक्रबार जनकपुरधाम विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै दाहालले जलवायु परिवर्तनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि त्यसको असर नेपालले ठूलो मात्रामा भोगिरहेको उल्लेख गर्नुभयो। नेपालजस्ता जलवायु परिवर्तनमा न्यून योगदान गर्ने मुलुकले भोगिरहेको क्षति, जोखिम र विपत्तिलाई अन्तर्राष्ट्रिय समुदायले न्यायोचित ढङ्कले सम्बोधन गर्नुपर्ने उहाँको भनाइ थियो। दाहालले पछिल्ला प्राकृतिक विपत्तिका घटनाहरू जलवायु परिवर्तनसँग जोडिएको बताउँदै नेपालले आफ्ना समस्या अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रभावकारी रूपमा उठाउनुपर्नेमा जोड दिनुभयो।

यसैबीच, दाहालले वर्तमान सरकारको कार्यशैली अहंकारी र गैरजिम्मेवार देखिएको आरोप लगाउँदै सरकारका गलत नीति तथा क्रियाकलापविरुद्ध जनस्तरबाट प्रतिरोध बढ्ने दाबी गर्नुभयो। उहाँले यस्तो स  र्षको महत्वपूर्ण आधार मधेश बन्न सक्ने सम्भावनासमेत औँल्याउनुभयो।

"वर्तमान सरकार अहिलेको परिस्थितिप्रति जिम्मेवार ढङ्कले प्रस्तुत भएको देखिएको छैन। सरकारको रवैया अहंकारी देखिएको छ। यसको प्रतिरोधमा मधेशबाट पनि स  र्ष उठ्ने सम्भावना छ," उहाँले भन्नुभयो।

दाहालले सरकार जनताका समस्या समाधान गर्नुभन्दा स्थापित राजनीतिक दललाई बदनाम गर्ने र गलत भाष्य निर्माण गर्ने दिशामा अघि बढेको आरोप समेत लगाउँदै स्थापित राजनीतिक दलहरूलाई विभिन्न गलत भाष्य निर्माण गरी बदनाम गरिँदाको परिणाम अहिले देखिन थालेको दाबी पनि गर्नुभयो। दाहालले नयाँ सरकारबाट मधेशका जनताले ठुलो अपेक्षा गरे पनि सरकारको पहिलो प्रहार नै मधेशका जनतामाथि परेको आरोप लगाउनुभयो।

"मधेशका जनताले नयाँ सरकारले केही नयाँ गर्छ भन्ने अपेक्षा गरेका थिए," उहाँले भन्नुभयो, "तर सरकारको पहिलो प्रहार नै मधेशका गरिब जनतामाथि भएको छ।" सीमा तथा जमिनसम्बन्धी विषयमा सरकारले दिएको अभिव्यक्तिले मधेशका जनताको भावनामा चोट पुर्‍याएको दाहालको टिप्पणी छ। "सीमामा पहाडबाट गएर जनता बसेका होइनन्। पुर्स्तौंदेखि त्यहीँका जनता बस्दै आएका छन्," उहाँले भन्नुभयो, "यस्ता अभिव्यक्तिले मधेशका जनताको भावनामा चोट पुर्‍याउँछ।"

यस्तै दाहालले वर्तमान सरकारको बजेटसमेत मधेशप्रति न्यायोचित नभएको आरोप समेत लगाउनुभयो। बजेट विनियोजन तथा सरकारका पछिल्ला गतिविधिमा मधेशप्रति विभेद देखिएको उहाँको दाबी समेत छ।

यसैक्रममा उहाँले सरकारका गलत नीति र निर्णयविरुद्ध जनस्तरबाट प्रतिरोध बढ्दै जाने दाबी गर्दै उहाँले त्यसका लागि मधेश महत्वपूर्ण आधार बन्न सक्ने बताउनुभयो। सदनका नेकपाको भूमिका प्रतिपक्षको जस्तो नदेखिएको भन्ने पत्रकारहरुको प्रश्नको जवाफमा उहाँले प्रतिपक्षी दलहरू एकढिक्का भएर सरकारका गतिविधिमाथि खबरदारी गरिरहेको दाबी गर्दै आगामी दिनमा प्रतिपक्षको भूमिका अझ सशक्त बनाइने समेत बताउनुभयो।

## *जलवायु न्याय ...*

बढी उत्सर्जन गरेका र बढी आर्थिक तथा प्राविधिक क्षमता भएका देशले ठूलो जिम्मेवारी लिनुपर्छ। नेपालजस्तो विकासशील राष्ट्रलाई विकसित राष्ट्रहरूले विकासको अधिकार कायम राख्दै जलवायु अनुकूलन, प्रविधि र वित्त सहयोग उपलब्ध गराएमा क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण छिट्टै र सहज रूपमा हुन सक्छ।

नेपालको सन्दर्भमा क्षति र नोक्सानी अन्तर्राष्ट्रिय कूटनीतिक नारा मात्र होइन यो जलवायु न्यायको आधार हो। नेपालले विश्वव्यापी उत्सर्जनमा अत्यन्त न्यून योगदान गरे पनि हिमाली भौगोलिक अवस्थाका कारण जलवायु परिवर्तनका गम्भीर असर भोगिरहेको छ। नेपाल क्योटो प्रोटोकल' र पेरिस सम्झौता' को पक्ष राष्ट्र भएकाले यी अन्तर्राष्ट्रिय दायित्वहरू नेपालको जलवायु नीति तथा कानुन निर्माणमा महत्वपूर्ण छन्। नेपालको संविधानको धारा ३० (१) मा व्यवस्था भएअनुसार, प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ र सोही धाराको उपधारा (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ ।

साथै, वातावरण संरक्षण ऐन, २०७६ लगायतका राष्ट्रिय कानुनले पनि जलवायु तथा वातावरण संरक्षणका विषयलाई सम्बोधन गर्छन्। अन्तमा, जलवायु न्यायको माग बलियो बनाउन नेपालले भावनात्मक अपिल मात्र होइनन्न वैज्ञानिक तथ्य, क्षतिको प्रमाण, पारदर्शी वित्तीय योजना र अन्तर्राष्ट्रिय कानुनी तथा कूटनीतिक आधारसहित आफ्नो दाबी प्रस्तुत गर्नुपर्छ। यही तरिकाबाट क्षति तथा नोक्सानी' को सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्दै नेपालले जलवायु संकटबाट प्रभावित आफ्ना नागरिकको अधिकार र भविष्यको संरक्षण गर्नुपर्छ।

(खड्का पोखरा विश्वविद्यालयका विद्यावारिधि शोधार्थी हुन्।)

## *नरहा गाउँपालिकामा...*

पहिलो पटक तपाईंहरु समिति बनाएर ल्याउनुस्, म आफै भवन निर्माण गरिदिन्छु भनेर अध्यक्ष यादवले भन्नु भयो, त्यसैमा विद्यालयहरुसँग कुरा मिलेन,' प्रअ रामपरी यादवले थपिन, त्यसपछि पनि पटक–पटक कुरा राख्यौं, आजसम्म कार्यदेश नै दिनु भएको छैन। पछि प्रअ र विद्यालय व्यवस्थापन समितिले पालिका अध्यक्षलाई जसरी भएपनि वनाई दिनुस् भन्यौं, आजसम्म न कार्यदेश पाइएको छ नत निर्माण प्रकृया अगाडी बढ्यो।'

यो पटक पनि चाँडै कार्यदेश दिन्छु भन्नु भएको छ, अन्तिम समय हो काम हुन्छ की भन्ने आशमा छौं। दिनाभद्री आधारभुत विद्यालयका निवर्तमान व्यवस्थापन समितिका अध्यक्ष मोहरी सदायले पनि पालिका अध्यक्षले सुरुमा आफै भवन निर्माण गरिदिने भनेको बताए। उनले भने, समिति बनाएर ल्याउनु म आफै भवन बनाईदिन्छु भन्नुभयो। हामीले आफै बनाउँछौं, भनेपछि काम अगाडी बढेन, पालिकामा पुगेर पटक–पटक अध्यक्षलाई ताकेता गर्यौं चाँडै हुन्छ भन्नु हुन्छ, त्यो चाँडै अझै आएको छैन।'

पालिका अध्यक्ष यादवकै गाउँमा रहेको जनता आधारभुत विद्यालय जगदिशपुर कालाबञ्जरमा पनि २ कोठे भवनको लागि २२ लाख ५० हजार गएको छ। यहाँको पनि निर्माणकार्य आजको मितिसम्म सुरु भएको छैन। यो पटक बन्छ भन्नु भएको छ, प्रशासकिय अधिकृतले पनि चाँसो लिनु भएको छ। आशा गरौं बन्छ होला,' प्रअ यादवले भनिन्। गाउँपालिका अध्यक्ष रामप्रमोद यादवले भने केही विद्यालयको खातामा समस्या भएकोले भवन निर्माण प्रकृयामा ढिलाई भएको जिकिर गरे। उनले केही विद्यालयको खातामा समस्या भएको थियो, अव सवै मिलीसकेकोले चाँडै सुरुहुने बताए। तपाई आफैले विद्यालय भवनहरु बनाई दिन्छु भन्नुभएको रहेछ, के हो विषय? भनि प्रश्न गर्दा उनले सवै रकम विद्यालयको खातामा गईसकेको छ, मैले गर्ने कुरै आउँदैन। त्यसमा पनि म कुनै घर बनाउने ठेकेदार हो र?' भन्दै प्रतिप्रश्न गरे।

४–४ वर्षसम्म निर्माण नहुनुको कारण के हो नी? भनि पुनः प्रश्न गर्दा अध्यक्ष यादवले खातामा सस्या भएकोले हो भन्दै टारे। गाउँपलिकाका प्रमुख प्रशासकीय अधिकृत उदित्य कुमार कर्णले चारवटै विद्यालयको भवन निर्माण कसरी गर्न सकिन्छ भन्ने विषयमा आफूले अध्ययन गरिरहेको बताए। उनले भने, मैले यस विषयमा अध्ययन गरिरहेको छु, कसरी गर्ने भन्ने विषमा मैले बुझ्दै छु। अव चाँडै पालिकाले गर्नुपर्ने प्रकृया पुर्याएर निर्माणको कार्यादेश दिन्छौं।'

यतिको दिनसम्म किन निर्माण हुन सकेन? भन्ने प्रश्नमा उनले, पहिला किन भएन भन्ने मलाई जानकारी छैन। म आर्थिक वर्षको अन्त्यतिर आएको हुनाले नियमित काममा सकाउनतिर लागे, अव म यसविषयलाई अध्ययन गर्दैछु प्रकृया पुराएर चाँडै काम गर्ने अनुमति दिन्छु।'

# थुनुवा छुट्याइदिने भन्दै १ लाख ठगी गरेको आरोपमा वडाध्यक्षका प्रत्याशी पक्राउ, वडाध्यक्षविरुद्ध पनि जाहेरी

रौतहट, २७ भदौ। प्रहरीको नाम र पहुँचको दुरुपयोग गर्दै थुनुवालाई छुटाइदिने भन्दै एक लाख रुपैयाँ असुली गरेको आरोपमा रौतहटबाट वडाध्यक्ष पदका प्रत्याशी पक्राउ परेका छन्। गरुडा नगरपालिका–९ श्रीपुरका वडाध्यक्ष पदका प्रत्याशी शेख हुस्नैनलाई ठगी कसुरमा पक्राउ गरी प्रहरीले अनुसन्धान अघि बढाएको हो।

श्रीपुरमा केही दिनअघि भएको झगडाका क्रममा प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा रामजन मियाँ पक्राउ परेका थिए। त्यसपछि हुस्नैनले रामजनकी श्रीमतीसँग प्रहरीसँग कुरा गरेर मुद्दा मिलाइदिने र थुनुवालाई छुटाइदिने आश्वासन दिँदै एक लाख रुपैयाँ लिएको प्रहरीले जनाएको छ। तर रकम बुझाएपछि पनि रामजन नछुटेपछि उनकी श्रीमतीले आफू ठगीमा परेको भन्दै इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएकी थिइन्। सोही जाहेरीका आधारमा हुस्नैन पक्राउ परेका हुन्।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक शंकरप्रसाद आचार्यका अनुसार प्रहरीको नाममा रकम असुली गर्ने कार्य गम्भीर विषय भएकाले जाहेरीका आधारमा पक्राउ गरी जिल्ला अदालत गौरबाट म्याद लिएर थप अनुसन्धान भइरहेको छ। यसै घटनामा गरुडा–९ का वर्तमान वडाध्यक्ष राजेश सहनीविरुद्ध पनि थुनुवा छुटाइदिने भन्दै रकम असुली गरेको आरोपमा जाहेरी परेको छ। प्रहरी नायब उपरीक्षक आचार्यका अनुसार सहनीमाथि लागेको आरोपबारे पनि अनुसन्धान भइरहेको छ।

सहनीले भने आफूले रामजनलाई छुटाउन कसैसँग पनि रकम नलिएको भन्दै आरोप अस्वीकार गरेका छन्। हुस्नैन हाल इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा रहेको र घटनामा अन्य व्यक्तिको संलग्नताबारे समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# संविधानको रक्षार्थ परिवर्तनकारी शक्ति एक हुनुको विकल्प छैनः नेपाल

वीरगञ्ज, २७ भदौ। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सहसंयोजक माधवकुमार नेपालले संविधानको रक्षाका लागि परिवर्तनकारी शक्तिबिच एकता हुनुपर्नेमा जोड दिनुभएको छ। आज वीरगञ्जमा भएको पत्रकार भेटघाट कार्यक्रममा उहाँले ठूलो संघर्ष र बलिदानबाट प्राप्त मौलिक हक, लोकतन्त्र, संघीयता, समावेशितालगायत प्राप्त संवैधानिक अधिकार संरक्षण गर्दै नागरिकका हक पूर्ण कार्यान्वयनका लागि पनि परिवर्तनकारी शक्तिबिचको कार्यगत एकताको आवश्यकता औँल्याउनुभयो।

सहसंयोजक नेपालले भन्नुभयो, "संविधान सामान्य परिवर्तनबाट आएको होइन, अहिलेको संविधानको रक्षा गर्न राजनीतिक दलबिच एकता, सहकार्य र समन्वय आवश्यक छ। जनतालाई सुशासनसहितको सेवा प्रवाहमा सबै एक भई अगाडि बढ्नुको विकल्प छैन।" उहाँले आदिवासी महिला, जनजाति, मधेसी, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछपिडएको क्षेत्रलगायत सिमान्तृकत समुदायको संवैधानिक अधिकार संरक्षण गर्नु हामी सबैको दायित्व हो भन्नुभयो।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका सहसंयोजक वर्तमान सरकारप्रति जनताको तीव्र आकाङ्क्षा भएकाले जनताको चाहनाअनुसार काम गर्नुपर्ने धारणा राख्नुभयो। यही भदौ १० गतेको भोटेकोशी बाढीपछि बेपत्ताको खोजी र उद्धारमा सरकारले थप तीव्रता दिनुपर्ने उहाँको भनाइ छ। नेपालले भन्नुभयो, "देश अहिले विपत्मा छ, हिमाली बाडीका कारण ठूलो जनधनीको क्षति भएको छ। खोजी कार्यमा सरकारले उपलब्ध स्रोतसाधन, विभिन्न स  संस्था तथा राजनीतिक दललाई पनि उद्धार र राहतमा खटाउन सक्नुपर्छ।" उहाँले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएको घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गर्नुपर्ने माग पनि गर्नुभयो।

# मधेशमा कृषि र इन्जिनियरिङ क्याम्पस सञ्चालनको तयारीः शिक्षामन्त्री पोखरेल



**जीवछ यादव**

लहान, २७ भदौ। शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले मधेश प्रदेशमा कृषि र इन्जिनियरिङ क्यामपस सञ्चालनमा ल्याउन मन्त्रालयले अध्ययन गरिरहेको बताउनु भएको छ। हिजो बेलुका सिरहाको लहान आइपुग्नु भएको मन्त्री पोखरेलले आज विहान लहान स्थित जेएस मुरारका बहुमुखी क्याम्पस लहानको अनुगमन निरिक्षण गर्दै यस्तो बताउनु भएको हो।

मधेश प्रदेशमा कृषि र इन्जिनियरिङको क्यामपस सञ्चालन गर्न सिरहाको लहान क्याम्पसमा प्रयाप्त भौतिक पुर्वाधार रहेकोले यस क्यापसमा पनि कुषि र इन्जिनियरिङ संकाय थप्न सकिने उहाँले बताउनुभयो।

राजर्षि जनक विश्वविद्यालयबाट सम्बन्धन लिएर कृषि र इन्जिनियरिङ संकाय सञ्चालन गर्नको लागि आजैबाट आफूले पहल गरिने मन्त्री पोखरेलले बताउनुभयो। " मधेश प्रदेशको शिक्षाको अवस्था कमजोर छ। "यहि अध्ययनको क्रममा आफू मधेश प्रदेशको अध्ययन भ्रमणमा आएको छु," उहाँले भन्नुभयो, अहिले शिक्षक अभिभावक र विधार्थीसाँग अन्तरसम्वाद गरेर समस्या समाधान गर्न शिक्षा ऐन ल्याउन लागेका छौ।

लहान नगरपालिका वडा नम्वर १४ स्थित श्री बस्तीपुर माध्यमिक विद्यालय बस्तीपुरको भ्रमण गर्दै २००४ सालमा स्थापित यस विद्यालयको पुरानो साँख फिर्ता गराउन परिवर्तित समयानुकूल विज्ञान र प्रविधियुक्त सुविधा सम्पन्न बनाउन सिरहा १ को प्रतिनिधिसभा सदस्य बब्लु गुप्ताको पहलमा यस क्षेत्रमा अर्को पुरानो विद्यालय हनुमान शारदा माध्यमिक विद्यालयलाई स्तरीय बनाउने मन्त्री पोखरेलले बताउनुभयो।

सिरहा १ का सांसद बब्लु गुप्ताले यस क्षेत्रको दक्षिणी भेगमा बगवानपुर गाउँपालिकामा हनुमान शारदा मावि इनर्वा र लहान (१४ स्थित श्री बस्तीपुर माध्यमिक विद्यालय बस्तीपुर र भगवानपुर गाउँपालिकामा रहेको २०३७ सालमा स्थापित यी दुबै पुरानो विद्यालयलाई स्तरीयकरण गर्ने चुनावी वाचा पुरा गराउन आफू लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "यी दुई विद्यालय मात्रै होइन पछि सखुवानन्कारकटि र लक्मीपुर पतारीमा शैक्षिक सुधार कार्यक्रम योजनामा छ।"

## असोज १ देखि ...

सडकको कामको लागि आवश्यक सामग्री निकाल्न अनुमति पाएको छ। अरु चाहिँ मैले पनि बुझ्नैपर्छ।'

नगरपालिकाका राजस्व शाखा प्रमुख रामवृक्ष महतोले पनि सम्झौताअघि उत्खनन् गर्नु गैरकानुनी हुने बताउँछन्। यता निर्माण कम्पनीका राजेन्द्र यादवले आफूले एक दिन मात्रै उत्खनन गरेको बताएका छन्। यादवले भने, मैले एक दिनमात्रै उत्खनन गरेको हुँ। त्यसपछि खनेको छैन। अरुले खनेको हुन सक्छ मलाई थाहा छैन।'

## अहिलेको सरकार ...

गुरुङसँगै राखेर कार्यक्रम गर्नुले पनि यो सरकार कसले चलाई रहेको छ भन्ने स्पष्ट हुने बताए।

यस्तो खालको गतिविधीले शहीदहरु प्रतिको अपमान मात्रै गरेन, सरकार कसरी चलेको भन्ने पनि छर्लङ्ग भएको नेता साहले दोहर्याए। नेता साहले दर्जनौ जेनजी शहीदहरुको रगतबाट, सुशासनको जगमा बनेको सरकार भ्रष्टहरुहै संरक्षण गरेको जिकिर गरे। उनले सहकारीमा जनताले जम्मा गरेको रकमको अर्बौंको घोटाला गरेको जीवी राईलाई पक्राउ नग नसक्नु जस्ता घटनाले पनि सरकारको चरित्र उदाङ्गो भएको सुनाए।

सोही क्रममा उनले एउटा सुत्केरी महिलाले उपचार नपाएर सडकमै बच्चा जन्माउन वाध्य पार्नु, ग्याँसको हाहाकार लगायत समस्या बग्रेली भइरहँदा समेत सरकारले केही गर्न नसक्नु असक्षमता भएको उल्लेख गरे। नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा धनगढीमाई नगरपालिकाका पूर्व नगर प्रमुख हरिनारायण चौधरीले जान्नेलाई छान्ने भन्ने बर्तमान सरकार जनआन्दोलन, मधेश आन्दोलनबाट प्राप्त उपलब्धीहरुलाई मास्ने खेलमा लागेको बताए। ठूलो बलिदानबाट निर्मित संविधानको रक्षा गर्न सबै एक जुट भएर लाग्नुपर्ने बताए।

नेता चौधरीले अहिलेको सरकार असक्षमताको पराकाष्टा नाघेको छ, बजारमा ग्याँसको हाहाकार छ, बाढी पहिरोको चरम चपेटामा परेकाहरुले उद्धार र आवश्यक राहत पाएको छैन, सुत्केरी महिलाले उपचार पाउन सकेको छैन, महंगीले अकाश छोएको छ। यो जनविरोधी सरकार विरुद्ध लाग्नुको विकल्प नरहेको बताए। सरकारले गरेका राष्ट्रविरोधी गतिविधिलाई पर्दाफास गर्न र राष्ट्रघाती कदम विरुद्ध गाउँ गाउँका जनतालाई सचेत गराउँदै अगाडी बढ्न नेता कार्यकर्तालाई आग्रह गरे।

कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा सिरहा जिल्ला इन्चार्ज अजय शंकर नायक, जिल्ला संयोजक प्रमोद यादव, नेता उत्तर वहादुर जर्घा मगर लगायतको उपस्थितिमा सम्पन्न एकता बैठक तथा प्रशिक्षण कार्यक्रमको अध्यक्षता धनगढीमाई नगरपालिकाका नगर संयोजक प्रकाश योन्जन र संचालन शुभराज लामाले गरेक थिए। पार्टी एकता तथा प्रशिक्षण कार्यक्रमबाट ८१ जना नगर समितिको घोषणा गरेको छ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०५।२८**

श्री लालीगुराँस सामुदायिक वन उपभोक्ता समूह, धनगढीमाई न.पा.–१४, सिराहाको वनबाट उत्पादन भई धनगढीमाई न.पा.–१४ स्थित पूर्वमा सा.ब. क्षेत्र, पश्चिममा भालु खोला, उत्तरमा बाटो र दक्षिणमा महाजनी खोला यति चारकिल्ला भित्र घाटगद्दी गरि राखिएको खयर जातको गोलिया थान ७९४ गोटाको जम्मा ५२६.९८ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री लालीगुराँस सामुदायिक वन उपभोक्ता समूह**
**धनगढिमाई न.पा.–१४. सिराहा**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशन सम्बन्धी सूचना

**यस** CHANGZHOU KEYTECH IMPORT AND EXPORT CO., LTD. **बाट पैठारी गरेका देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्रीमूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

| S.No. | Particular | Brand | Model | Capacity | Origin | Unite | Rate |
|---|---|---|---|---|---|---|---|
| 1 | Electric Loader | Green Motors | LY2200DZH-5 | 2200W | China | Set | 432,000.00 |

BUYER: SHYAM IMPORT & EXPORT PVT. LTD.
PAN NO: 609992915
PHONE : 9841273789
ADRESS: LAHAN-01, SIRAHA, NEPAL

## पोलिसी हराएको सूचना

मिति २०८३ भदौ ५ गते घरबाट बजार गईरहेको बेला लाईफ ईन्सोरेन्स कम्पनी लिमिटेडको पोलिसी पेपर हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि सहयोग गरिदिनु होला।

**नाम : देव कुमारी यादव**
**ठेगाना : लहान नगरपालिका–८, सिरहा**
**पोलिसी नम्बर : ६२०००८४०५**
**फोन नम्बर : ९८०२३१९५२४**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)